# प्रतिवेदन

## भूमि सुधार तथा मालपोत कार्यालय, भक्तपुर

मिति २०७६।१०।०९ गते प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डे ज्यूको नेतृत्वमा स.प्र.जि.अ. दिलिप प्रसाद लामिछाने, रा.अ.जि.का.भक्तपुरका प्रमुख सुरेन्द्र कोइरालाबाट भक्तपुर नगरपालिका-१०, च्याम्हासिंहमा रहेको भूमि सुधार तथा मालपोत कार्यालयमा दिनको १३:०० बजेबाट १५:४५ बजेसम्म उक्त कार्यालयमा अनुगमन निरीक्षण गरिएको।

### अनुगमन/निरीक्षणका विषयहरू

सेवा प्रवाहको अवस्था, सेवाग्राहीले झेल्नु परेका समस्याहरू, कार्यालय र सेवा प्रवाह हुने स्थानहरूको भौतिक संरचना साथै अभिलेख व्यवस्थापन प्रणाली लगायतका विषयहरू।

### कार्यालयमा देखिएका समस्याहरू

- निरीक्षणको क्रममा उक्त कार्यालयमा सेवाग्राहीको अत्याधिक चाप रहेको। चाप अनुसार कर्मचारी व्यवस्थापन हुन नसकेको।
- सेवाग्राही स्वयंमले कार्यालयको काम गर्न नसक्ने अवस्था रहेकाले लेखापढी व्यवसायी मार्फत नै कार्यालयको काम काज गराउनुपर्ने बाध्यता रहेको।
- सेवा प्रवाहलाई व्यवस्थित गर्न नसकेको।
- कार्यालयको अभिलेख व्यवस्थापन चुस्त, दुरूस्त र सुरक्षित नरहेको।
- शौचालयको राम्रो व्यवस्था नरहेको।
- अव्यवस्थित पार्किङले गर्दा सडक साघुरो भएको।
- सूचना प्रविधिको पूर्ण प्रयोग भएको नदेखिएको।

### सुझाव/निर्देशन

निरीक्षणका क्रममा अनुगमन टोलीले उक्त कार्यालयका प्रमुख र अधिकृतहरूलाई सेवालाई चुस्त दुरूस्त बनाउन आवश्यक कदम चाल्नुपर्ने। बिचौलियाहरूको प्रवेशमा रोक लगाई सेवाग्राहीले आफ्नो काम आफै गर्न सक्ने वातावरण सिर्जना गर्न सरोकारवाला निकायहरूसँग छलफल गरी समस्याको समाधान गर्न पहल गर्ने तथा सेवालाई अनलाईन प्रणालीमा बिस्तार गर्न र लेखापढी व्यवसायीको सेवा अनुसारको दररेट तोकी सबैले देखिने ठाउँमा राख्न समेत सुझाव दिइएको।